हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ८७ पृष्ठ : ४ २०७७ असोज २४ गते शनिबार (Saturday 10 October 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost







# सहमतिमै सम्बन्ध, घटना बाहिरिएपछि बलात्कार मुद्दा

घटना : एक

असोज १२ गते विष्णुपुर गाउँपालिका-१ का २० वर्षीय मुकेश कुमार साहले प्रेम सम्बन्ध भएकी छिमेकी १६ वर्षीया किशोरीलाई गाउँकै एकजनाको घरमा फोन सम्पर्क गरी बोलाए । ती किशोरी पनि बाख्रा चराउन छोडेर उनलाई भेट्न पुगिन् । युवायुवती घरमा पुगेको खबर पाएपछि गाउँका अन्य युवाहरूले किशोरीको भाईलाई बोलाएर ल्याए । स्थानीयका अनुसार ती युवायुवती बसेको कोठा खोले र कुटपिट गर्न थाले । रिसमा आएर भाईले युवतीलाई कुटपिट गर्दा टाउकोमा चोट लाग्यो ।

घाइते भएकी उनलाई उपचारको लागि विराटनगर पुऱ्याईन् । गाउँभरि हल्ला फैलियो । घटना मिलाउन र गाउँमा यस्तो फेरि नहोस भनि 'पञ्च'हरू सक्रिय भए । १३ गते असोजमा ती पञ्चहरूले पीडकका बुबा सिंहेश्वर साह र युवायुवती फेला परेका घरबेटी शत्रुधन साहसँग पञ्चहरूले ५/५ लाख रूपैयाँको तमसुक कपाली बनाए ।

सिंहेश्वरको धनीमा रामगुलाम यादव र शत्रुधनको धनीमा लक्ष्मण यादव बसे । प्रहरीका अनुसार तमसुक( कपाली)मा मिति ०७५ साउन १ गते उल्लेख गरियो र ०७७ असोज १५ गतेदेखि कपाली लागू हुने मिति लेखियो । १६ गते युवती उपचारबाट घर फर्किन् । त्यसपछि फेरि पञ्चहरूले गाउँमा पञ्चायत डाक्यो ।

पञ्चायतमा आक्रोशित भएका स्थानीय युवाहरूले आरोपित मुकेश, उनको बुबा सिंहेश्वर र शत्रुधनलाई कुटपिट गर्न थाले । त्यहीबाट गाउँमै रहेको इलाकाप्रहरी कार्यालय विष्णुपुरलाई खबर पुग्यो । प्रहरी पुगेर पञ्चसहित आरोपितलाई पक्राउ गरे । कपालीका धनीद्वय फरार छन् ।

घटना बाहिरिएपछि पीडित युवतीकी आमाले प्रहरीमा जाहेरी दर्ता गराईन् । आरोपित मुकेशमाथि जबरजस्ती करणी मुद्दामा जाहेरी दर्ता गरी सोही मुद्दामा अदालतबाट म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डिएसपी शालिग्राम शर्माले जानकारी दिए । उनका अनुसार गाउँमै घटना मिलाउन खोज्ने पञ्चहरूलाई पनि अपराध लुकाउन खोज्ने मतियार सम्बन्धी मुद्दामा छानबीनको लागि अदालतबाट १५ दिनको म्याद थप गरिएको छ ।


विष्णुपुर गाउँपालिका-१ स्थित पीडितको घर ।

जबरजस्ती करणीको मुद्दा प्रहरीमा दर्ता भएपछि घटना ढाकछोप गर्न गाउँमा पीडित परिवारलाई दबाब दिँदै आएको छ ।

घटना : दुई

गोलबजार नगरपालिका-१२ बेतौना गाउँकी एक २३ वर्षीया महिला घरायसी झगडामा परेकी थिइन् । सहयोग माग्न अर्नमा गाउँपालिका-१ का वडाध्यक्ष गफार मियाँसँग सहयोग मागिन् । त्यही क्रममा उनीहरूबीच फोन सम्पर्क बाक्लियो । ती महिलाको पति वैदेशिक रोजगारमा गएका छन् ।

घरायसी झगडा बढ्दै गएपछि ती महिला पछिल्लो समय जनकपुरमा बस्दै आएकी थिइन् । गत असोज १५ गते वडाध्यक्ष मियाँले घर पुऱ्याइदिन्छु भन्दै मोटरसाइकलमा चढाए । घर पुग्नुको साट्टो उनीहरू दुवै जना वडाध्यक्षले नै गाउँमा बनाइरहेको मदरसा पुगे । त्यहाँ उनीहरूबीच शारीरिक सम्पर्क भएको प्रहरी स्रोतले जनाएको छ ।

१६ गते बिहान ७ बजे ती महिला इलाका प्रहरी कार्यालय मिर्चैया पुगिन् । त्यहाँ आफूलाई वडाध्यक्ष गफारले जबरजस्ती करणी गरेको बयान दिइन् । ती महिलाले बताएको घटना स्थलमा वडाध्यक्षको केही प्रमाणहरू प्रहरीले फेला पाऱ्यो । प्रहरीले केरकार गर्दै गएपछि महिला र वडाध्यक्षबीच पहिले देखिको सम्पर्क रहेको टेलिफोन कुराकानीले देखाएको छ । प्रहरीमा जबरजस्ती करणीको जाहेरी दर्तापछि वडाअध्यक्ष फरार भएको छ । उनलाई खोजी कार्य तिब्र पारिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डिएसपी शालिग्राम शर्माले बताए ।

घटना : तीन

लहान नगरपालिका-२२ सिसवनी बर्छवा गाउँका २१ वर्षीय युवक रामबाबु मण्डल गाउँकै एक २१ वर्षीया युवतीसँग २ वर्षदेखि प्रेम सम्बन्धमा थिए । भदौं ३ गते अबेर राती उनीहरूलाई अभिभावकले समाते । त्यसपछि गाउँमा 'पञ्च'हरूबीच बिहे गराइदिने छलफल सुरू भयो । तर, युवकको बुबाले दाइजो माग गरे । उनको मागअनुसार युवतीका बुबाले दाइजो दिन सकेनन् ।

प्रहरी प्रशासनमा जान भनी भदौं १२ गते गाउँका अगुवा पञ्चहरूले सामाजिक निर्णय गरे । सोही आधारमा युवतीपक्षले भदौं २४ गते इलाका प्रहरी कार्यालय लहानमा जबरजस्ती करणी मुद्दाको जाहेरी दर्ता गराए । युवक गाउँ छोडेर फरार भएका छन् । दाइजोमा कुरा बिग्रिएपछि बिहे भाँडिएको युवतीका बुबाले बताए । घटना सम्बन्धी अनुसन्धान र युवकको खोजीकार्य भइरहेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी शरत थापाले जानकारी गराए ।

यी घटनाहरूमा सहमतिमै सम्बन्ध कायम भएको देखिन्छ ।

बाँकी ३ पेजमा

## मृत भेटिएकी महिलाको घटना रहस्यमय

मिर्चैया नगरपालिका-६ स्थित आफ्नै घरमा रिना देवी पुर्वे भदौं २१ गते मृत अवस्थामा फेला परिन् । उनको साबिक घर कल्याणपुर नगरपालिका-१२ बेल्हा हो । उनी मृत फेला परेको कोठा र शवको प्रकृतिले करणी गरी हत्या गरेको देखाउँछ ।

अर्ध नग्न अवस्थामा उनको शव फेला परेको प्रहरीले जनाएको छ । उनी बस्ने घरको गेटमा बाहिरबाट ताला लगाइएको थियो । इलाका प्रहरी कार्यालयमा कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता भएको छ । करणी पनि गरेको जस्तो घटनास्थलको प्रकृतिले देखिएको इप्रका मिर्चैयाका डिएसपी सन्तुलाल जैसवालले बताए ।

उनी बस्ने घरमा पाँचवटा कोठा छन् । भाडामा बस्नेहरू घर गइसकेका थिए । उनको छोराछोरी पनि मामाघर गएको थियो । घटना हुने रात उनी एक्लै थिइन् । 'सोहीदिन ८ बजे राती सम्म आफूसँग टेलिफोनमा कुराकानी भएको थियो,' उनको पतिप्रमोद पुर्वेले भने, 'कुरा भएको केही समयपछि फोन लाग्न छोडेको थियो ।' घटनापछि उनको पति वैदेशिक रोजगारीबाट फर्केका छन् ।

मृतक पुर्वेले माइती गाउँ सिरहा नगरपालिका-२२ सागरपुरको तौकिरसँग सोही राती फोनमा लामो कुराकानी गरेकी थिइन् । तौकिरलाई प्रहरीले पक्राउ गरेको छ । तौकिर फोनमा कुरा गरेपनि मिर्चैया सम्म नपुगेको प्रहरी अनुसन्धानमा देखिएको छ । घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।







फ्रेन्डस मोडल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# चौबटिया

## हालको परिवेशमा लकडान र जनता

विश्व महामारीको रुपमा फैलिएको दुष्ट कोरोना जसलाई Covid-19 भनेर स्वास्थ्य जगतले चिन्ने गरेको छ, त्यो महामारी नेपालमा पनि विकराल रुप लिई रहेको बेला नेपाल सरकार चिन्तित भएको नाटक र नेपाली जनताको अटेरीपनको परिणाम के हुने हो अनुमान लगाउन सकिन्छ ।



अर्जुन प्रसाद गुप्ता 'दर्दिला'
*कवि तथा गितकार*

सरकारले लकडाउन गर्नु सट्टा सतर्कता अपनाई जन जीवन सामान्य राख्नु पर्ने बेलामा पूर्ण लकडाउन लगाई जन जीवन अस्तव्यस्त बनायो र लकडान गरि कोारोना रोक्नु पर्ने बेलामा लकडाउन खुल्ला गरेर आफ्नो जिम्मेवारीबाट पन्छिने कार्य गर्दैछन् । अहिले लकडाउन गरि कोरोना रोक्नु पर्ने बेलामा लकडान खुल्ला गरेर आफ्नो जिम्मेवारीबाट पन्छिने कार्य गर्दैछन् । अहिले लकडाउन खुल्लाको मतलव हो कोरोना घरै घर पुर्याउनु । एकातिर जनताको जन जीवनलाई अस्तव्यस्त बनाई विपन्न जनतालाई झन झन गरीब बनाउने अवस्था श्रृजना हुँदैछ र अर्को तिर अहिले लकडाउन खुल्ला गरि कोरोनालाई बाँकी घरमा प्रवेश गराउने कार्य हुँदैछ । अहिले हिन्दु धर्मावलम्बीहरुको महान पर्व दशैं, तिहार र छठ मुखमा आइसकेका छन् । यी पर्व मनाउन मानिसहरु आ–आफ्ना घर फर्किन्छन् नै यस अवस्थामा कोरोनाले कून रुप लिने हो अनुमान लगाउन सकिन्छ ।

बितेका दिनहरुमा कोरोनाको कारण कतिको ज्यान गए त कतिले अरबौं भष्टाचार गर्न सफल भएका समाचारहरु सुन्नमा आयो । तर भ्रष्टाचार गर्नेलाई एकाध वाहेक कार्वाही भएको सुन्नमा आएन । कालाबजारीहरु कृतिम अभाव श्रृजना गरि सम्पत्ति कुम्लाए त कतिले आत्म हत्यासम्म गर्न बाध्य भए । कुनै कुनै दिनको समाचारहरु त हृदय विदारक हुने गर्दछन् । गरीब विपन्नले परिवार पाल्न सक्ने अवस्था नहुँदा पनि परिवार पालनको लागि सरकारबाट कुनै व्यवस्था हुन सकेको छैन भने बैंकमा अकुट सम्पत्ति जम्मा गरेका अरबपतिहरुले लिएका ऋणको ब्याज मिनाहाको व्यवस्था हुने कुरा उठ्दैछन् । राहत कसलाई हुनु पर्ने र कसले पाउँदैछन् ?

कोरोना व्यवस्थापनमा कसको जिम्मेवारी कति ? कसले बुझाउनु पर्ने र कसले बुझ्नुपर्ने ? यी प्रश्न पनि ठूलो महत्व राख्दछ । सररकारले कोरोना संक्रमनको विषयमा व्यवहारगत शिक्षा दिनु पर्ने तर संचारमा प्रचार गराएर आफ्नो जिम्मेवारी सकेको देखायो । कोरोना विरुद्धको शिक्षामा व्यवहारिक ज्ञान नदिएर संचारलाई प्रयोग गरेर कहीं न कहीं सरकारले कमजोरीपन देखाएको छ । लकडाउन के हो र केका लागि यसको विष्यायमा सर्वसाधारण जनताले ज्ञान नपाएकै कारण लकडाउन उल्लंघनका घटनाहरु घटिरहेका समाचार

*बाँकी ४ पेजमा*

## आजको राशिफल

| | |
|---|---|
| **मेष** | आज ठीक समयमा सही निर्णय लिन सकिनेछ । मानको डर हराएर जानेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । लाभदायक यात्रापनि हुन सक्छ । |
| **वृष** | एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथीको आगमन हुनेछ । भूमिबाट लाभ रहला । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । |
| **मिथुन** | कर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरू गर्ने समय छ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **कर्कट** | सामान हराउने वा चोरी हुने सम्भावना छ । स्वस्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । साझेदारी काममा उल्झन आउनेछ, तर सहकर्मीबाट सहयोग मिल्नेछ । |
| **सिंह** | आज अरूलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापार व्यवसायमाबाट धनलाभ हुनेछ । |
| **कन्या** | धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ । |
| **तुला** | लाभदायक यात्रा होला । रोकिएका काम पुनः सुरू हुन सक्छन् । आर्थिक कारोवारमा सफलता पाइएला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **वृश्चिक** | आज लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । नियमित खर्चसमेत बढ्ने योग छ । सहकर्मीबाट विरोधपनि आउन सक्छ । |
| **धनु** | महत्त्वपूर्ण कामको थालनी हुनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । लक्ष्मी प्रसन्न हुने योगछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । |
| **मकर** | आज शुभारम्भको चर्चा चल्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । अधुरो कामपनि पूरा हुनसक्छ । |
| **कुम्भ** | भाग्यले विभिन्न अवसर जुराउनेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । कला, साहित्यमा रूचि बढ्नेछ । घरमा अतिथीको आगमन हुनेछ । |
| **मीन** | आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । प्रेम जीवन सुखद् रहनेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ, तर मन भावुक र उत्ताउलो बन्न सक्छ । |

# सलहेस गीति–नाट्य, गाथाक श्रोत, ऐतिहासिक परिक्षण आ काल–निर्णय

**अघिल्लो अंकको बाँकी**

ई चन्डग्राम खोकसार गामक उत्तर आ विशाल भग्नवशेष चन्द्रभागा थिकI तहिना कुमार गुप्त तृतीयके सं. २२४ के ताम्रपत्रमे अयोध्याक एकटा दानपति कोशी नदीक दुन पार चाकर पाँचटा गाम बराहक्षेत्रक स्वेतवराह स्वामी मन्दिरक मरमत तथा भगवानक पूजा सामग्रीक खातिर देने छलैक (रा.कु. मुखर्जी, गुप्ता साम्राज्य, १९७३, पृ. १२४–१२५) I सबसँ महत्वपूर्ण सूचना गुप्तकालक नरसिंह मूर्ति आ बराहक्षेत्रक मुख्य मन्दिरके बाराह मूर्तिक निर्माणमे प्रयोग भेल पाथर थिकै – बराहक्षेत्र आ मकवानपुरक चुरेसँ उत्तर महाभारत श्रेणीमे भेटैबलाकारी पाथर (Black schist stone) I एहि पाथरक पहिलुक खोज आ उपयोग करऽबला गुप्तमूर्ति कलाक विशेषज्ञ छलाह जकरा पाँछा कर्णाटकालक (१०९०–१३२६) मूर्ति निर्माण, मन्दिरक चौकैठ आ सिमरौनगढक राजदरबारके ११टा तोरणद्वार खातिर उपयोग भेल छैक (तारानन्द मिश्र धर्मस्वामीको जीवनी, २००४ पृ. ६४ ) I कर्णाटकालक सम्पूर्ण मिथिलाक्षेत्र (दरभङ्गा, मधुबनी, सप्तरी, जनकपुर, मूतिर्या तथा चितवन–वाल्मीकिनगर)क मूर्तिकला आ मन्दिरमे एहि पाथरक प्रयोग भेल छलैक I गुप्तकालक कलाकार बनारसमे चुना, वालु आ पाथर आ मथुरामे ओहिठामसँ प्राप्त लालबालु आ पाथर (Red spotted sand stone) आदि स्थानीय पाथरक प्रयोग केने छलैक I गुप्तकालक ( ई. सं. ४४३–५४४, कुमार गुप्त प्रथम, बुद्धगत, भानु गुप्त, कुमार गुप्त तृतीय) बाद सप्तरीमे पाल तथा सेनकालक शासन पूर्णिया, मोरंग, सप्तरी, सहर्षा, मुङ्गेर, सुपौल तथा भागलपुर आदि पूर्वि मिथिलाक्षेत्रमे गप्त, पाल तथा सेनवंशक शासन) कायम भेल छलैक I पाल शासनकालक बाद सप्तरी (आ सहर्षा) क्षेत्रमे दूटा कर्णाटवंशी बङ्गालक विजय सेन आ नान्यदेव–गङ्गादेव (कर्णाट–मिथिलावंशी) शासकक बीच सीधा संघर्ष भेल छलैक जकर आभास विजय सेनक देवपारा अभिलेखसँ प्राप्त होइत अछि I एहि कारणे नान्यदेवक उत्तराधिकारीसभ क्रमशः गङ्गा देव, रामसिंह देव (हाँविपट्टनक अछय –'हाविपट्टन संज्ञके सुविदिते हैछट्टदेवी शिवा, कर्मादित्य सुमन्त्रिणाह विछिता सौभाग्यदेव्यज्ञया'), शक्ति सिंह (शक्र सिंहेव), हरिसिंह देवक शासन कालमे मिथिलाक पूर्वी भागमे अनेक नगरक (दरभङ्गाक सकरी, सप्तरीक सखडागढी, सखडा भगवती मन्दिर, बहेडा थानाक हरिसिंहपुर आदिक) निर्माणसँगै ओहि क्षेत्रमे कणार्टशासनक बेसी सक्रियताक उदाहरण प्राप्त होइत छैक I कर्णाटकालमे सप्तरीमे अनेको नगरक निर्माण भेल छैक जकर निक अध्ययन नहि भऽ सकलैए I गयासुदि्न तुगलकद्वारा १३२६ ई.मे राजधानीनगर सिमरौनढकेँ भग्न कऽ हरिसिंह देवके पराजयसँगे सप्तरीमे द्रोणवारवंशीय क्षत्रीसभके राज्य स्थापना (१३–१५ श. ई.) भेलैक जाहि वंशक पुरन्दर सिंह बनौलीसँ, हुनक भाए अर्जुन सिंह, सम्भवतः रूपनगर–कञ्चनगढसँ आ भुवनसिंह कोइलाडीगढीसँ शासन करैत छलथि I एहि प्रन्दर सिंहक आश्रयमे विद्यापति लिखनावलीक रचना आ श्रीमद्भागवतके प्रतिलिपि केने छलाह I द्रोणवारवंशक राजसत्ताकेँ च्युत कऽ मकवानी सेनवंशी लोहाङ्गसेन, हरिहर सेन, नाती शुभ सेन(वि.सं. १७३३), मानिक सेन (वि.सं. १७४८), महपति सेन (१७९३ वि.सं. क रनपाल चौधरीक पत्र), जगत सेन, कामदत्त सेन, रघुनाथ सेन, मुकुन्द सेन आ अंतिम राजा कर्ण सेनक शासन कायम छलैक I एहिवंशके वि.सं. १८२९–१८३० मे पृथ्वीनारायण शाह विस्थापित कऽ देलखिन ( अम्बरपुरसँ १८३०मे जारी भेल पत्र, हरिकान्त, २०६७, पृ. ९५–९६) I एहि कार्यमे पृथ्वीनारायणक सेनापति रामकृष्ण कुँवर, अभिमानसिंह बस्नेत आ पारथ भण्डारी छलथि जिनका खार्पाक हरिनन्द उपाध्याय पोखरेल जन–धनसँ मदद केने छलखिन I ई पत्र सप्तरीके अम्बरपुरसँ जारी भेल एहि कांस्यपत्रमे प्राना गढी आ कञ्चनपुर गढीक उल्लेख छैक I

तारानन्द मिश्र

एहितरहे सलहेसक कथाक गढी आ कञ्चनपुर आ पृथ्वीनारायणकालीन एकटा सैनिक सरदार पारथ भण्डारीक शायद वंशज तरेगना गढक ( तौत्तर प्रगन्नाक ) गढपति महेश्वर भण्डारीक चारिटा बेटी हीरा, रेशमा, दिना आ कुसमा (जकरा अस्वाभाविक रूपसँ मालिनी कहल गेल छैक) सँ जोडल गेल छैक I एहि आधारमे सलहेस गाथाक उद्गम शाहकालक मध्यभाग वि.सं. १८३० (ई.सं. १७७९)क बाद लगभग अठारह श.ई.मे होबाक अत्यधिक सम्भावना छैक I ई कथा कोनो कालक इतिहाससँ नहि जुटल अछि I सलहेस गाथाक प्रेरणा श्रोत सेन–शाह कालक युद्ध, मकवानी राजाक राजश्रयमे सप्तरीसँ मकवानपुरक जङ्गलमे निवास करैत लगभग ५०,००० वनजारा अश्वारोही थिक जकरासँगे अत्यधिक संख्यामे घोडा, छलैक I ई बनजारासभ जडी–बुटी, सोना, चाँदी, किमती पाथर आदि व्यापार करैत रहए लेकिन म्श्लिम शासनक अन्त काल आ अँगरेजक उदयकालमे वनजारासभ अङ्गरेज आ मुश्लिम शासकक खजानाकेँ लूटि लैत रहए I आपतकालमे ई नेपाल तराईके जङ्गल निवासी मकवानपुर राजाक शरण आ सुरक्षामे जाइत छल I जकर विषयमे विहारक एकटा मुश्लिम सैनिक सरदार करीम खाँ मकवानी राजाक चेतावनी पत्र सेहो लिखने छल I एहि सन्दर्भमे वि.सं. १७६३ (ई.सं. १७०६) मे मुश्लिम शासकद्वारा मकवानी राजा शुभ सेन आ विजयपुर (धरान) क राजा विधाता इन्द्र सेनके बन्दी बना कऽ लऽ जेबाक घटना स्मरणीय छैक I अन्तमे मिथिलाक जंगली प्रदेशक ई बनजारामेसँ २०,००० के करीम खाँ बन्दी बना पटना लऽ गेलैक, जाँहिमे से १०,००० के कुश्लम सेना पटना पहुँचैसँ पहिनै रास्तामे मारि देलकै I एखनो ई बनराजा सभ दही, सोनु, चुडा, चौर आदि कऽ भक्तपुर आसपासक नगरगाममे रहैत छैक I

मिथिलाक सलहेस कथामे राजा विराट, विराटपुर ( वसोपट्टि प्रखंड) के प्रसङ्ग अबैत छैक I राजा विराटक प्रसँग विराटनगर, झपाक किचकबध आदि अनेको जगहसँ सेहो जोडल गेल छैक I राजा विराटक कथा महाभारतसँ सम्बन्धित छैक I राजा विराट महाभारत युद्धकालके एकटा मत्स्यदेशक राजा छलथि I जिनका दरबारमे पाँच–पाण्डव बारह वर्ष बितौने छलाह I प्रचीन मत्स्यदेश जयपुरक पास छैक I ऋगवेद तथा गोपथ ब्राह्पणमे मत्स्यदेशके इन्द्रप्रस्थ (दिल्ली)सँ दक्षिण–पश्चिम दिशामे कहल गेल छैक I ओहि जगहपर अशोकक वैराट स्तम्भ लेख आ एकटा चैत्यधर छैक I ताहिलेल विराटपुर, विराटनगर, मिथिला आ नेपालक तराई क्षेत्रमे होबाक कोनो सम्भावना नहि अछि I

उपरक विवरणसबसँ ई स्पष्ट भऽ गेल हएत जे सलहेस–गाथा कोनो ऐतिहासिक वंशसँ सम्बन्धित नहि थिक I एकर उत्पति प्राचीन सप्तरीमे भेलैक जतहुक प्राचीन किछु भग्नावशेषसँ एकर सम्बन्ध देखाबऽक प्रयास भेल छैक I सलहेस गाथाक किछु स्थलकेँ उल्लेख (कञ्चनगढ तरेगानागढ आ पुरानागढीक उल्लेख आ पारथ भण्डारीक नाम गोरखाक राजा पृथ्वीनारायण कालक एकटा वि.सं. १८३० (ई.सं. १७७३)के पत्रमे प्राप्त भेल अछि I ताहि आधारपर ई गाथाक ओकर बादे रचना भेल होयन जकरा सेन–शाह राजाक माँझ भेल युद्ध, सिन्धुलीगढीमे अङ्गरेज कप्तान किनलाकक नेतृत्वमे वि.सं. १८७१(ई.सं. १८१४) मे भेल युद्ध आ हजारो घोडापर सवार भऽ ओहि क्षेत्रक बनजारा तथा ओकरसभक बीच घटल अनेक प्रेमकथा( जे ओहि क्षेत्रक जङ्गलमे खुला टेन्टमे रहैत छल) के प्रभाव एहि गाथापर पडल पाओल जा सकैत अछि I तरेगानागढक गढपति महेश्वर भण्डारी आ हुनक चारि बेटी, नाट्य–गाथाक दोसर प्रमुख पात्र सब जे ब्राह्मण अथवा क्षत्रीय जातिक हेताह, हुनकर बेटीसभ वास्तविक जीवनमे एकटा दुसाध जातिक दूपत्नीसँ विवाहित नायकसँ किएक प्रेम करतीह ? दूटा पत्नी रहितहुँ महेश्वरक चारिटा बेटी आ राजकुमारी चन्द्रावतीसँ प्रेम करब मात्र कवि–नाटककारक साहित्यिक कल्पना थीक I सलहेस मात्र एकटा मिथिलाक लोक–गाथा थीक एकरा ऐतिहासिक प्रमाणित करबावास्ते कोनो साक्ष्य नहि छैक ।

**संदर्भ श्रोत–ग्रंथ आ लेख**

(१) डा. रेआदास, विहार की लोकनाट्य की शैली, दिल्ली, १९९४ ।

*बाँकी ४ पेजमा*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**विष्णुपुर गाउँपालिका कार्यालय, सिराहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिराहा**

# यसरी नामांकन गरियो 'एकताटोल'



सरोकार
**अम्बराज मिश्र**

साविक सगरमाथा अञ्चलको सिरहा जिल्ला, लहान नगरपालिका वडा नम्बर १० पुरानो वडाहरूमध्ये अन्तिम वडामा पर्दथ्यो । गुदिगाउँ, अस्नाहा, लहानगोठ टोल, क्याम्पसटोल, पशुहाट टोल र ग्रामिण टोलहरूको समिश्रणमा यो वडा गठित भएको हो ।

१० नम्बर वडा पूर्व पश्चिम महेन्द्र राजमार्ग (तत्कालीन महेन्द्र चौक) देखि २.२ किलोमिटर उत्तरमा पर्दछ । लहानदेखि उत्तरमा पर्ने प्रख्यात बस्तिपुर, ढोढना, भदैया, मल्हनवा गोविन्दपुर जाने बाटोको प्रवेश द्वारमा यो वडा अवस्थित छ । पछी बस्तिपुर लगायत ती गाविस लहान नगरपालिकामा मर्ज भई नगरपालिकाको १३ र १४, ढोढना १५, भदैया १८ र मल्हनवा गोविन्दपुर २४ नम्बर वडामा स्थापित छ ।

लहान नगरको पुरानो बजार भनेर चिनिने मुख्य व्यापारी केन्द्रबाट झण्डै १.२ किलोमिटर अझ उत्तरमा पर्दछ लहान १० नम्बर वडा । यो वडामा जे.एस. मुरारका बहुमुखि क्याम्पस, सगरमाथा एकीकृत ग्रामिण विकास परियोजना, ओशो माधुर्य ध्यान केन्द्र, बैरिया गुदिगाउँ प्राथमिक विद्यालय, हरेकृष्ण मन्दिर, ओमकारेश्वर शिव मन्दिर, देवि देवता स्थान, ग्रामीण, गुदिगाउँ, अस्नाहाहरू पर्दछन । माथि उल्लेखित १० नम्बर वडाको टोलहरू जस्तै : गुदिगाउँ, अस्नाहा, लहानगोठ टोल, पशुहाट टोल, क्याम्पसटोल, ग्रामिणटोलहरू मध्ये ग्रामिणटोल, क्याम्पसटोल मात्र समेटिएको उत्तरमा गुदिगाउँ थानगाछी, पूर्वमा खुट्टिखोला दक्षिणमा १० नम्बर वडाको अन्तिम सीमाना र पश्चिममा (ग्रामीण एकीकृत परियोजना सहित) १० नम्बर वडाको अन्तिम सिमाना भित्रको बसोबास स्थललाई समेटेर 'एकताटोल' नामाकरण गरियो । करिब १.५ किलोमिटर भौगोलीक क्षेत्र ओगटेर रहेको स्थानलाई तत्कालीन टोलबासीहरू मिलेर मिति २०५३ जेठ २० गते आफ्नो टोललाई 'एकताटोल' नामाकरण गरी कामकाज तथा व्यवहारमा उतारिएको छ ।

अझ भनौं २०४५ सालपछि लहान नगर ( छेउछाउ)का छिमेकी गा.वि.स. बस्तिपुर, पडरिया, भदैया, ढोडना, तरेगना गोविन्दपुर, मल्हनवा गोविन्दपुर, बिष्णुपुरकट्टिबाट बसाई सरि आएर बसेको नयाँ बस्तिको नाम हो 'एकताटोल' ।

तत्कालीन अवस्थामा समाज भित्र रहनेहरू मध्ये आदिवासी जनजाति मण्डल पछि ब्राम्हण, क्षेत्री, खत्री पछि उल्लेख्य बसाई रहनेहरूमा भुर्तेल, राउत, दाहाल, ढुँगाना, मिश्र, भट्ट, अधिकारी, कोईराला, बराल, कार्की, उप्रेती, न्यौपाने, खतिवडा, आचार्य, गौतम, पाण्डे, पोखरेल, निरौला, खडका एवं जनजातीहरूमा मगर, तामाङ्ग, राई, नेवार तथा भुजेल, परियार, बि. क. लगायत साह, चौधरी, देव, यादव, शुक्ला, सिँह राजपुत, महतो कोईरी, सुँडीहरूको बाक्लो बस्ती भएको झण्डै ३ सय घर परिवार सहितको बस्तीको नाम हो 'एकताटोल' ।

२०५३ सालताका यस टोललाई 'अनेकतालाई एकतामा बाँध्न' टोलकै नाम 'एकताटोल' राखिएको हो । टोल गठन भए देखिकै झण्डै विभिन्न सामाजिक काम गर्ने उदेश्यले टोलमै 'एकता सेवा समूह' नामक सामाजीक संस्था समेत गठित अवस्थामा छ । समाजलाई एक सुत्रमा बाँधेर अघि बढ्ने सहमती भए अनुसार नै समाजका हरेक कार्यलाई संस्थागत गर्दै नेपाल सरकारबाट पाउने सुविधाहरू समेत सदुपयोग हुने गरी तत्काल संस्था सञ्चालन गर्न प्रथम पटक २०५३ जेठ २० मैं निम्न टोलबासीहरू भएको एक कार्य समिति गठन गरिएको थियो ।

समिति गठन गर्दा त्यतिखेर ४ सदस्यीय सल्लाहकार समिति गठन गरिएको थियो । रामअबतार मण्डल, सतिशचन्द्र यादव, किशोर अधिकारी र डिल्ले मिझार सल्लाहकार समितिमा थिए । त्यसैगरी भोला बहादुर राउत क्षेत्रीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरिएको थियो । समितिको उपाध्यक्षमा कपिल प्रसाद भट्ट, सचिव अम्बराज मिश्र, कोषाध्यक्ष गोबिन्द प्रसाद भट्ट र सदस्यहरूमा शिव प्रसाद पोखरेल, बुधन मण्डल, सिताराम मण्डल, नवराज भुजेल, लुचाई साह, गीता बराल र राज कुमार साह थिए । यो गठित कार्य समितिको पहिलो काम भनेकै एकता सेवा समूह नामक सामाजिक संस्थालाई सरकारी नियमन निकायमा दर्ता गराउनु थियो । साथै टोल भित्र रहेको सुख्खा नहरको दुवै किनारामा बृक्षारोपण गराउनु र टोल भित्रै ग्रामीण चौकमै शिव मन्दिर निर्माण गराउनु र सो को आर्थिक श्रोत जुटाउनु नै मुख्य काम थियो ।

आर्थिक श्रोत व्यवस्थाका लागि प्रत्येक घरधूरीबाट १५ रूपैयाँ सदस्य शुल्क कायम गराईनु र मन्दिर निर्माणका लागि चन्दा चिट्ठाको काम गर्नु नै ठुलो कामको चटारो थियो, त्यस बखत । संस्थालाई डोऱ्याउनेहरू आफ्नो निजी व्यसाय, नोकरी र खेतीपातीको समयबाट केही समय र बिहान बेलुकाको समयलाई सदुपयोग गर्ने चलन र संस्थागत कार्य सिकाइकै अवस्था थियो । टोलवासीको चाहानाहरू थुप्रै हुनु र आवश्यक्तामा रहेको नयाँ टोलको जिम्मेवारीमा थियो । त्यसताका टोलमा त्यस्तै २०/२५ घरबाट सुरू भएको यो टोल आफैमा अल्मलिनु बाहेक केही देखिँदैन थियो ।

उपरोक्त कार्य समिति र सल्लाहकारहरू बाहेक निम्न सदस्यहरू यस टोलका पुराना संस्थापक सदस्यहरूमा बच्चालाल साह, उद्धब आचार्य, शिव नारायण देव, मोहन बहादुर राउत र दुर्गा प्रसाद अधिकारी ज्युहरू समेटिएको टोलको संस्थापक सदस्यहरूबाट सुरू गरिएको टोलको नाम हो 'एकताटोल' । धन्यवाद ।

*क्रमश:*

## सहमतिमै...

तर, कुनै कारणले घटना बाहिरिएपछि बलात्कार मुद्दा दायर भएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार चालु आर्थिक वर्षको साउन र भदौं महिनामा जबरजस्ती करणीको १७ र जबरजस्ती करणी उद्योगमा ५ घटना दर्ता भएको छ । ०७३ साल यता सिरहामा करणीको १५७ र उद्योग ७७ गरी २३४ वटा घटना प्रहरीमा दर्ता भएका छन् । जसमा अधिकांश घटना सहमतिमै शारिरिक सम्बन्ध राख्ने र बाहिरिएपछि बलात्कार मुद्दामा जाने 'ट्रेण्ड' देखिएको प्रहरी स्रोतले जनाएको छ ।

'घटनाहरूमा ललाई फकाई सम्बन्धबनाउने, शारिरिक सम्पर्क गर्ने र फेरि कुरा बाहिरिएपछि बलात्कार मुद्दामा जाने प्रकृति बढ्दो छ,' अधिकारकर्मी राजकुमार राउतले भने, 'रिसिइबी साध्न, स्थानीय नेताहरूले राजनीति गर्न, पैसाको चलखेल गर्न पनि बलत्कार जस्तो घटनालाई पनि हतियारको रूपमा प्रयोग गर्छन् ।' जघन्य अपराधमा पञ्चायत गाउँमै गरेपछि पीडितले न्याय नपाउने र पञ्चहरूले आर्थिक चलखेल गर्ने देखिएको उनले बताए । गाउँमै ठूलो जरिवाना गर्दा अर्को घटना हूँदैन की भनेर पञ्चहरूले पञ्चायत बसाउने मनसाय बोकेको देखिने गरेको उनको भनाइ छ । तर, अपराधमा पञ्चायत शैली राम्रो नभएको उनी तर्क गर्छन् । 'कानुनले सहमतिमै शारिरिक सम्पर्क राखेपनि केटीको उमेर १८ वर्ष नपुग्दा जबरजस्ती करणीमै मुद्दा जान्छ,' अधिकारकर्मी राउत थप्छन्, 'करणी मुद्दा जबरजस्ती करणी भएर जाँदा यस्तोमा फर्जी घटना बनाएर पनि प्रहरीमा जाने बढी छ ।' मुद्दामा राजनीतिकरण भएपछि पीडितले न्याय पाउन झन्झटिलो बन्दै गएको उनले सुनाए ।

*वडास्तरीय फुटबल प्रतियोगिता*

# 'खेलले युवापुस्तालाई कुलतबाट बचाउन सहयोग गर्छ' : नगरप्रमुख देवनाथ साह



**गोलबजार ।** सिरहाको गोलबजारमा वडा स्तरीय फुटबल प्रतियोगिता सुरू भएको छ । गोलबजार नगरपालिकाका नगर प्रमुख देवनाथ साहले खेलाडीहरूलाई फुटबल हस्तान्तरण गरेर खेलको उदघाटन गरेका थिए ।

केडीटी युथ क्लब गोलबजार नगरपालीका-७ कदिमाटोलद्वारा आयोजित खेलको उदघाटन गर्दै नगर प्रमुख साहले खेलले मानिसलाई र आफ्नो ठाउँलाई पनि देश विदेशमा चिनाउन सहयोग पुऱ्याउँने बताउँदै खेलाडीहरूलाई सफलताको शुभकामना दिए ।

नगरप्रमुख साहले खेलले युवापुस्तामा अहिले देखिएको कुलतबाट बचाउन सहयोग गर्ने औल्याउँदै खेललाई मर्यादित र सोहौर्दपूर्ण वातावरणमा सम्पन्न आयोजकलाई सुझाए । वडा नम्बर ३ र १० बीच भएको उदघाटन खेलमा वडा नम्बर ३ विजयी भएको छ । खेल समयभर २-२ गोलले बराबर भएपछि पेनाल्टिमा ३-५ ले वडा नम्बर ३ विजयी भएको हो ।

आयोजक क्लबका अध्यक्ष श्रवण कुमार यादवका अनुसार नगरक्षेत्रमा रहेका युवा खेलाडीहरूको प्रतिभा प्रस्फूटन गराउने उदेश्यले १३ वटै वडाका खेलाडीहरूबीच प्रतिस्पर्धा गराउन प्रतियोगिताको आयोजना गरिएको हो । उनका अनुसार प्रतियोगितामा पहिलो हुनेलाई १५ हजार र दोस्रो हुनेलाई १० हजार नगद र ट्रफि पुरस्कार हस्तान्तरण गरिनेछ ।

## हालको...

**सुनिन्थे । तर जनतापक्ष पनि कम दोषी देखिएन । अशिक्षित जनताले त बुझेन बुझाउन सकिएन त्यसकारण कोरोना संक्रमणन निरोधमा असफल देखिन्छ तर बजार कार्यालयमा काम गर्ने व्यापारी कर्मचारीले पनि कम मूर्खता देखाएनन् । व्यापारीहरुले पसल खोलेर व्यापार गर्दा जुन भौतिक दुरी राखी व्यवहार गर्नु पर्ने, मास्क लगाई बसी दिनु पर्ने, सेनिटाइजर प्रयोग गर्नु पर्ने त्यो गरिएन । कार्यालयमा कर्मचारीको पनि यहि समस्या रहे । प्रशासनले पनि कोरोना रोकथाममा इमान्दारीता देखाएन । कोरोना रोकथाममा उपस्थिति मात्रै देखाएर जिम्मेवारी पूरा गरे । प्रशासनले बजार र सडकमा शासन मात्रै देखायो । व्यवहारिकतामा रती पनि व्यवहार देखिएन । सायद यसै कारण पनि सर्व साधारणले लकडाउनको उद्देश्य बुझ्न नसकी लकडाउनको अर्थ सरकारले लगाएको निषेधाज्ञाको रुपमा लिए र लकडाउनको उल्लंघन भई रहे ।**

**अहिले परि सरकारपक्ष इमान्दारीपूर्वक कोरोना रोकथाममा लाग्नु पर्छ र जनताले पनि कोरोनाबाट जोगिने सबै उपायहरु अपनाई आफ्ना दिन चर्यालाई सहज बनउानमा लाग्नु पर्दछ । यदि सरकार र जनता आ-आफ्नो ठाउँबाट इमान्दारी साथ सजगता र सतर्कतापूर्वक कोरोना विरुद्ध लडने हो भने कोरोनालाई जित्न सकिन्छ होइन भने देश र जनताको बेहाल निश्चित छ । यो कुरो पहिला नेतृत्व पंक्तिले र अनि जनताले बुझि दिनु पर्ने जरुरी छ ।**

**इति**

.........

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कल्याणपुर नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

# सामाजिक जवाफदेहिता सम्बन्धी सम्वाद

सिरहा । पछिल्लो समयमा जिल्लामा देखा परेको समस्या र सन्दर्भलाई ध्यानमा राख्दै समग्र जन उत्थान केन्द्र लहान सिरहाले एक दिवसीय सामाजिक जवाफदेहिता सम्बन्धी सम्वाद कार्यक्रम गरेको छ ।

सामाजिक अगुवा, प्रहरी, सामुदायिक सेवा केन्द्रका प्रतिनिधि, महिला समूह, युवा समूह, किशोरी समूह लगायतका सरोकारवालाहरूको सहभागीतामा गरिएको सम्वाद कार्यक्रममा समाजमा शान्ति र न्यायमा सबैको सहजताबारे चर्चा गरिएको थियो ।

सामाजिक सुरक्षा तथा न्यायका लागि प्रहरी र न्यायिकले गर्दै आएको कार्यशैलीलाई आधार मानेर तयार गरिएको अंक पत्रमा प्राप्त भइरहेको सेवा सुविधाको आधारमा सहभागीहरूले अंक दिएका थिए । जसमा सिरहा नगरपालिकाको न्यायिक समितिको कार्यलाई धेरै नराम्रो भन्दै थोरै अंक दिइयो भने प्रहरीले गर्दै आएको कार्यको आधारमा राम्रो मानेर त्यही अनुसारको अंक दिएका छन् ।

'सिरहा नगरपालिकाको न्यायिक समितिले भौतिक तयारी भन्दा बौद्धिक र कानुनी रूपले न्यायिक कार्य गरेको छैन्,' सहभागीहरूले भने, 'प्रभावकारी रूपले काम नगरेको हुँदा थोरै अंक दिएर नराम्रो भनी चित्रण गर्‍यौं।'

सामाजिक अंकपत्र मापन सकेपछि आउने दिनमा ती समस्याहरूलाई समाधान गर्दै न्यायको क्षेत्रमा क्रियाशिलताका साथ अगाडि बढ्न रणनीतिक योजना समेत बनाइएको छ ।



जस अन्तर्गत सडक नाटक, अन्तक्रिया, अभिमुखीकरण, घरदैलो लगायतका कार्यक्रमको योजना बनाएको आयोजक संस्थाले जनाएको छ ।

आयोजक संस्थाका रामभरोसी महतोले सहजीकरण गरेको सम्वाद कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी निरिक्षक रोहित फुयाल, भिएसओ नेपालका सुनिल कुमार साह, इन्टरनेशनल अलर्टका सरोज भुसाल लगायतको उपस्थिति रहेको थियो । युकेएडको आर्थिक सहयोग, भिएसओ र इन्टरनेशनल अलर्टको साझेदारीमा समग्र जन उत्थान केन्द्रले संचालन गर्दै आएको सहज परियोजना अन्तर्गत उक्त सम्वाद कार्यक्रम गरिएको थियो ।

# अत्यावश्यक काम बाहेक धनगढीमाई नगरपालिकाको सेवा बन्द

लहान । प्रमुख प्रशासकिय अधिकृत सहित ८ कर्मचारीमा कोभिड -१९ संक्रमण देखिएपछि धनगढीमाई नगरपालिकाले असोज ३० गतेसम्मका लागि नगरपालिकाको अत्यावश्यक सेवाबाहेक सम्पूर्ण सेवाहरू बन्द गरेको छ ।

कार्यालयका अधिकृत सावित्री कुमारी साहुद्वारा जारी सूचनामा बाँकी कर्मचारीहरूको पनि पीसीआर रिपोर्ट आउन बाँकी रहेको र अन्यको समेत परीक्षण गराउनु पर्ने भएकाले त्यसअवधिमा संक्रमण फैलिने उच्च जोखिम रहेको हुँदा अत्यावश्यक सेवा बाहेक सम्पूर्ण सेवा बन्द गरिएको उल्लेख छ । कार्यालयले संक्रमण देखिएका कर्मचारीका सम्पर्क आएका व्यक्तिहरूमा पनि संक्रमण सम्भावना रहेकोले उनीहरूलाई पनि तत्काल पीसीआर परीक्षण गराउन अनुरोध समेत गरेको छ ।

# कोरोनाबाट सिरहाका थप एकको मृत्यु

लहान । कोरोना संक्रमणबाट सिरहामा थप एक जनाको मृत्यु भएको छ । स्वास्थ्य कार्यालय सिरहाका अनुसार लहान नगरपालिका-६ का ४८ वर्षीया महिलाको मृत्यु भएको हो । उनको उपचारका क्रममा ललितपुर अस्पतालमा मृत्यु भएको कार्यालयले जनाएको छ । सिरहामा यसअघि १४ जनाको कोरोना संक्रमणबाट मृत्यु भइसकेको छ ।

प्रदेश २ मा पछिल्लो २४ घण्टामा थप ३ जनाको कोरोना भाइरसको संक्रमणबाट मृत्यु भएको छ । सप्तरीका २ जना र लहानका एक गरी ३ जना कोरोना संक्रमितको मृत्यु भएको हो । सामाजिक विकास मन्त्रालयका अनुसार सप्तरीको राजविराज नगरपालिका-६ का ७० वर्षीय पुरूष र रूपनी गाउँपालिका घर भएका ३६ वर्षीय पुरूषको कोरोनाबाट मृत्यु भएको हो ।

योसँगै प्रदेश २ मा कोरोनाका कारण हालसम्म मृत्यु हुनेको संख्या १४७ पुगेको छ । जसमध्ये २५ जना महिला छन् । संघीय सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पछिल्लो २४ घण्टामा देशभर १० जनाको ज्यान गएको जनाएको छ । तर प्रदेश २ का तीन मृतकको तथ्यांक समावेश गरेको छैन ।

# सलहेस ...

(२) पंडित राजेश्वर झा, लोक-कथा विवेचन, मैथिली साहित्य संस्थान, पटना, १९७४ ।
(३) पंडित मतिनाथ झा, सलहेसगाथा, मिथिला प्रकाशन, दरभङ्गा, १९५८ ।
(४) Grierson, The Survey of Indian Languages In Bihar .
(५) महेन्द नारायण राम आ फूलो पासवान, सलहेस लोकगाथा, साहित्य अकादमी, दिल्ली, २००७ ।
(६) महेन्द्र मलंगिया, अंतिका, जुलाई-सितम्बर अंक, २००२ ।
(७) डा. मोतीलाल यादव, सिंहावलोकन, नेपाली मैथिल विशेषांक, वि.सं. २०४५ ।
(८) डा. पूर्णानन्द दास, मैथिली लोक साहित्य ।
(९) रामप्रताप पासवान दुसाध जाति, एक अध्ययन ।
(१०) चन्द्रेश्वर प्रसाद यादव, सलहेस वाणी, २०५६ वैशाख ।
(११) चन्द्रप्रसाद त्रिपाठी, नेपाली पुरातत्वमा पछिल्ला केही उपलब्धीहरू २०६१,पृ. ४७-६३ ।
(१२) महेन्द्र सिंह दाँगी, दाँगी समाज एवं समाज एवै साहित्य, भोपाल, २००७ ।
(१३) हरिकांत लाल दास, सप्तरी जिल्लाका प्रमुख ऐतिहासिक गढीहरू, साझा प्रकाशन, २०६७ वि.सं. ।
(१४) R .K.Mookherji, The Gupta Empire, Delhi, 1973 .
(१५) तारानन्द मिश्र, गण्डकी पूर्वको इतिहास तथा पूरातात्विक स्थलहरू, प्रज्ञा-प्रतिष्ठान, कमलादीमे प्रस्तुत २०६७ क कार्यपत्र ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
-: जनहितका लागि :-
हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट LAHANPOST DAILY

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**
**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
गोलबजार नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**
**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**
**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**
**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
औरही गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**
**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**
**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**
**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)